# वाखा बृहत्तर पकेट विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावना: प्रदेश सरकारले वाखा बृहत्तर पकेट विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सरकारले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "वाखा बृहत्तर पकेट विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(१) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले कार्यक्रम सञ्चालनका लागि सम्वन्धित साझेदारलाई प्रदेश सरकारवाट प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय प्रमुख" भन्नाले सम्वन्धित कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले वाखाको बृहत्तर पकेट विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" सम्झनु पर्दछ ।

(घ) "कार्ययोजना" भन्नाले सम्वन्धित कार्यालयको अभिमूखिकरण अनुरुप साझेदारले आफ्ना आवश्यकता अनुसारका कृयाकलाप र वजेटको आंकलन सहित निर्धारित ढाँचामा तयार गरि सम्वन्धित कार्यालयमा पेश गरेको वार्षिक कार्यक्रम/योजनालाई सम्झनु पर्दछ ।

(ङ) "कार्यक्रम" भन्नाले वाखाको बृहत्तर पकेट विकास कार्यक्रम भन्ने सम्झनु पर्दछ।

(च) "कोष" भन्नाले वाखाको बृहत्तर पकेट विकास कार्यक्रम सञ्चालनका लागि साझेदारले संयुक्त बैङ्क खाता मार्फत सञ्चालन गरेको कोषलाई सम्झनु पर्दछ ।

(छ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(ज) "पकेट क्षेत्र" भन्नाले भौगोलिक तथा वातावरणी हिसावले वाखा पालनका लागि उपयुक्त रहेको र तुलनात्मक रुपमा वाखाको संख्यात्मक उपस्थिति र पालन कार्य वढी हुने भनि पहिचान भएका वा भविष्यमा त्यस्ता पशु पालन हुने क्षेत्रको रुपमा विकास गरिने स्थान विषेशलाई सम्झनु पर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(ञ) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।



सचिव

(ट) "साझेदार" भन्नाले लागत सहभागिताका आधारमा बाख्राको बृहत्तर पकेट विकास कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित कार्यालय सँग द्रिपक्षीय सम्झौता भएका बाख्रापालक कृषक समूह/समित/सहकारी/व्यवसायीक संघसंस्थालाई सम्झनु पर्दछ ।

(ठ) "साझेदारी" भन्नाले बाख्राको बृहत्तर पकेट विकास कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित कार्यालय र साझेदारका विच द्रिपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्दछ ।

(ड) "सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त मन्त्रालय, निर्देशनालय र विज्ञ केन्द्र समेतलाई सम्झनु पर्दछ ।

(ढ) "समिति" भन्नाले कम्तिमा पाँच वटा कृषक समूहको प्रतिनिधित्व हुने गरि विधानतः गठित र सम्बन्धित निकायबाट आधिकारिकता प्रदत्त समितिलाई सम्झनु पर्दछ ।

(ण) "समूह" भन्नाले कम्तिमा दश जना कृषकहरु प्रचलित कानून बमोजिमको आधिकारिक निकायमा दर्ता वा अभिलेखित भई बनेको कृषक समूहलाई सम्झनु पर्दछ ।

३. उद्देश्यहरुः यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

(क) बृहत्तर पकेट क्षेत्र भित्र कम्तिमा पचास जना बाख्रापालक कृषकहरुलाई समेटि बाख्राको बृहत्तर पकेट क्षेत्र विकास गर्ने ।

(ख) जातिय प्रतिस्थापन, नश्ल सुधार र छनौट विधिको माध्यमबाट बाख्राको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने ।

(ग) निर्वाहमूखि बाख्रापालनको व्यवसायीक रुपान्तरणमा सहयोग पुर्याउने ।

(घ) मासु तथा मासुजन्य पदार्थमा प्रादेशिक आत्मनिर्भरता हासिल गर्ने लक्ष प्राप्तिमा टेवा पुर्याउने।

४. रणनितिः दफा ३ बमोजिमका उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरु अपनाईनेछः-

(क) समुदाय परिचालन र सामाजिक अभिमूखिकरणका माध्यमबाट बाख्रापालक कृषकहरुलाई व्यवसायीक रुपान्तरण तर्फ अभिप्रेरित गरिनेछ ।

(ख) बाख्रापालक कृषक समूह/ समिति/ सहकारी/ व्यवसायीक संघसंस्था मार्फत एक क्षेत्र एक उत्पादनको अवधारणा अनुरुप बाख्राको बृहत्तर पकेट विकास र विस्तार गर्दै लगिनेछ ।

(ग) बृहत्तर पकेटमा व्यवस्थित र सुधारिएको खोर, नश्ल सुधार, आहारा, स्वास्थ्य, बजार पूर्वाधार विकास एवं क्षमता अभिबृद्धिका कार्यक्रमहरु प्याकेजको रुपमा सञ्चालन गरि नमूना बाख्रापालन क्षेत्रको रुपमा विकास गरिनेछ ।

(घ) कार्यक्रमको दिगोपनका लागि साझेदारहरुलाई सक्षम बनाउन आवस्यक समन्वय र सहजिकरण गरिनेछ ।

(ङ) असल पशुपालन अभ्यास अवलम्वनलाई प्रश्रय दिइनेछ ।

प्रमुख सचिव

(च) भौतिक संरचना निर्माण/सुधार, मेशिनरी/औजार/उपकरण खरिद, पशु आहारा विकास, क्षमता अभिवृद्धि, बजार व्यवस्थापन, पशु स्वास्थ्य सेवा सञ्चालन, जैविक सुरक्षा, प्राविधिक सहजकर्ता परिचालन जस्ता कृयाकलाप सञ्चालन गर्न अनुदानको व्यवस्था गरिनेछ ।

(छ) पाँच वर्ष भित्रमा प्रत्येक बृहत्तर पकेटमा प्रजनन योग्य माउ बाख्रा पाँच सय पुऱ्याएको हुनु पर्नेछ।

(ज) उत्पादन लागत कम गरि प्रतिष्पर्धि क्षमता विकास गर्न उन्नत घाँस खेति र घाँस संरक्षण विधि अवलम्वनलाई प्रोत्साहित गरिनेछ ।

(झ) गोवर ग्यासको प्रवर्द्धन, वातावरण संरक्षण र बैकल्पिक उर्जा विकासमा सहयोग पुर्याउने ।

(ञ) बृहत्तर पकेट क्षेत्रलाई बाख्रा श्रोतकेन्द्रको रुपमा विकास गर्ने ।

(ट) बजार व्यवस्थापनलाई नियमित र भरपर्दो बनाउने ।

(ठ) अनुगमन र पृष्ठपोषण प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

## परिच्छेद –२

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

५. कार्यक्रमको अवधिः कार्यक्रमको अवधि बढीमा पाँच वर्षको हुनेछ र तत्पश्चात कार्यक्रमको निरन्तरताको लागि साझेदार स्वयं सक्षम हुने अपेक्षा गरिएको छ ।

६. सम्भावित साझेदारहरुः देहाय बमोजिमका संस्थाहरु साझेदार हुने छनः-

(क) कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था

(ख) बाख्रा पालन व्यवसायीक संघ/संस्था

(ग) बाख्रा पालक कृषक समूह/समिति

७. कार्यक्रम सञ्चालनका लागि पकेट क्षेत्र छनौटका आधारहरुः सम्बन्धित कार्यालयले बाख्राको बृहत्तर पकेट विकास कार्यक्रम सञ्चालनका लागि पकेट क्षेत्रहरुको छनौट र प्रामथिकिकरण गर्दा देहायका बुँदाहरुमा ध्यान दिनु पर्नेछः-

(क) भौगोलिक तथा वातावरणीय हिसावले बाख्रा पालनको सम्भावना भएको हुनु पर्नेछ।

(ख) तुलनात्मक हिसावले बाख्राको संख्या बढि भएको क्षेत्र हुनु पर्नेछ ।

(ग) बिगतमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले बाख्रा पकेट क्षेत्रका रुपमा पहिचान र प्रवर्द्धन गरेको हुनु पर्नेछ ।

(घ) बाख्रा पालनमा संलग्न कृषकहरुको बाहुलयता रहेको हुनु पर्नेछ ।

(ङ) घाँस खेतीको सम्भावना भएको हुनु पर्नेछ ।

(च) व्यवसायीक बाख्रापालन विस्तारको सम्भावना रहेको हुनु पर्नेछ ।

(छ) कार्यक्रम प्रति कृषकहरुको झुकाव र प्रभावकारी कार्यान्वयनको सम्भावना भएको।



प्रमुख सचिव

८. <u>अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरू:</u> सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमबाट साझेदारहरुले देहाय बमोजिमका कृयाकलापहरु सञ्चालन गर्न सक्नेछन:-

(क) खोर निर्माण/सुधार र जैविक सुरक्षाका उपायहरुको अवलम्वन

(ख) डिपिङ्ग ट्याङ्क निर्माण/सुधार

(ग) पशु संकलन केन्द्र र अन्य वजार पूर्वाधार विकास

(घ) प्रजननयोग्य माउ बाख्रा र व्याडको बोका खरिद एवं ढुवानी

(ङ) घाँसको बिउ/बेर्ना खरिद, ढुवानी र वितरण

(च) हिट सन्क्रोनाइजेशन तथा मौसमी कृत्रिम गर्भाधन सेवा सञ्चालन

(छ) व्यवसायीक बाख्रा फार्मका लागि ब्रडिजो क्यास्ट्रेटर र अन्य औजार/उपकरण खरिद

(ज) मासु तथा मासुजन्य उत्पादन विविधिकरण र वजारिकरण

(झ) मासु पसल र पशु बधस्थल निर्माण

(ञ) बाख्राको आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण र पशु उपचार

(ट) पशु खोप सेवा र प्रयोगशाला सेवा सञ्चालन

(ठ) क्षमता विकास तालिम, आन्तरिक अवलोकन भ्रमण र अन्तरकृया गोष्ठी

(ड) प्रगति प्रतिवेदन, अभिलेखिकरण र तथ्याङ्क अध्यावधिकका लागि पारिश्रमिक ।

(ढ) स्थान विषेशको आवश्यकताका आधारमा सम्बन्धित कार्यालयले उचित ठानेका बाख्रापालन प्रवर्द्धनमा सहायक हुन सक्ने अन्य कार्यक्रमहरु ।

९. <u>कार्यक्रम सञ्चालन प्रकृया:</u> (१) सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाख्राको बृहत्तर पकेट विकास कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) सम्बन्धित कार्यालयले बाख्राको वृहत्तर पकेट विकास कार्यक्रम सञ्चालनका लागि स्थान छनौटका आधारहरुलाई ध्यानमा राख्दै जिल्लाको सम्भावना अनुसार पकेट क्षेत्रहरुको पहिचान र प्राथमिकिकरण गरी पशु विकास कार्यदलमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएका पकेट क्षेत्रहरु मध्येबाट वा आवश्यकता अनुसारको थपघट पश्चात कार्यक्रम सञ्चालन हुने पकेट क्षेत्रको अनुमोदन उपदफा (४) वमोजिमको पशु विकास कार्यदलले गर्नेछ ।

(४) बाख्राको बृहत्तर पकेट विकास कार्यक्रम संचालन हुने जिल्लामा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निम्न वमोजिमको एक पशु विकास कार्यदल गठन गरिनेछ:-

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| (ख) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | सदस्य |
| (ग) प्रमुख, कृषि ज्ञान केन्द्र/सम्पर्क केन्द्र | सदस्य |
| (घ) प्रमुख, वन डिभिजन कार्यालय | सदस्य |



प्रमुख सचिव

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय — सदस्य

(च) प्रमुख, सम्वन्धित विज्ञ केन्द्र — सदस्य

(छ) लेखा शाखाका प्रमुख — सदस्य

(ज) सम्बन्धित कार्यालयको कार्यक्रम हेर्ने फोकल सम्पर्क व्यक्ति — सदस्य सचिव

(५) उपदफा (४) वमोजिमको कार्यदलको वैठकमा आवश्यक्ता अनुसार वढीमा दुई जनालाई आमन्त्रण गर्न सकिनेछ ।

(६) पशु विकास कार्यदलको वैंठक आवश्यकता अनुसार वस्नेछ ।

(७) पशु विकास कार्यदलको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछः-

(क) कार्यक्रम संचालन गरिने पकेट क्षेत्रको छनौट र अनुमोदन ।

(ख) सम्बन्धित साझेदारवाट प्रस्तावित कार्ययोजना र कार्यक्रमको अनुमोदन ।

(ग) संचालित कार्यक्रमहरुको स्थलगत अनुगमन र पृष्ठपोषण ।

(घ) कार्य प्रगतिको समिक्षा र आवश्यक समन्वय ।

(८) सम्बन्धित कार्यालयले उपदफा (३) बमोजिम छनौट भएका पकेट क्षेत्रको स्थानिय तहका प्रतिनिधि, पशु सेवा शाखाका प्राविधिक, कृपक र अन्य सरोकारवालहरुको भेला गराई कार्यक्रम वारे जानकारी दिनेछ । सोही भेलावाट कार्यक्रममा सहभागी हुने कृपकहरुको छनौट गरि प्रति समूह कम्तिमा दश जना कृपक रहने गरि गठन गरिएको समूहको *अनुसूची– १* अनुसारको विवरण तयार गर्नेछ ।

(९) समूह गठन गर्दा कृषक संख्या अपुग हुने भए पायक पर्ने नजिकको स्थानिय तहवाट समेत समावेस गर्न सकिनेछ ।

(१०) उपदफा (८) बमोजिम गठित समूहले समूह सञ्चालन विधान बनाइ सम्वन्धित स्थानिय तहमा समूह दर्ता गर्नेछ । यसरी गठित भएका कम्तिमा पाँच वटा समूहको प्रतिनिधित्व हुने गरि समिति गठन गर्न सकिनेछ ।

(११) साझेदारले कार्य समितिका अध्यक्ष, कोपाध्यक्ष र सम्बन्धित कार्यालय वा स्थानिय तहको पशु सेवा शाखाको प्राविधिकको दस्तखतबाट सञ्चालन हुने संयुक्त वैङ्क खाता खोल्नेछ ।

(१२) सम्बन्धित कार्यालयले साझेदारलाई कार्य योजना वा वार्षिक कार्यक्रम तयार गर्न अभिमुखिकरण गर्नेछ र साझेदारले आफ्नो आवश्यकता अनुसार कृयाकलापहरु समावेस गरि *अनुसूची– २* बमोजिमको वार्षिक कार्ययोजना सम्वन्धित कार्यालयमा पेश गर्नेछ ।

(१३) सम्वन्धित कार्यालयले उपदफा (१२) बमोजिम पेश भएको कार्ययोजना पशु विकास कार्यदलवाट अनुमोदन गराई स्वीकृत गर्ने तथा सम्वन्धित साझेदार सँग द्विपक्षीय सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नेछ ।

(१४) साझेदारले चौमासिक रुपमा सम्वन्धित कार्यालयमा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

सचिव



प्रमुख सचिव

१०. <u>सम्झौता:</u> (१) सम्बन्धीत कार्यालयले साझेदार सँग *अनुसूची–३* बमोजिमको द्विपक्षीय सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२) सम्झौताको जानकारी सम्वन्धित स्थानिय तहमा पठाईनेछ ।

(३) द्विपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

११. <u>अनुदान प्रवाहका शर्तहरु:</u> (१) सम्झौतामा उल्लेखित रकम भन्दा अधिकका क्रियाकलापहरु साझेदार स्वयंले बेहोर्ने वा अन्य श्रोतको व्यवस्था गरि सञ्चालन गर्नु पर्नेछ ।

(२) अनुदान प्राप्त गर्ने कृषकहरुले कम्तिमा दश वर्ष सम्म बाख्रा पालन व्यवसायलाई निरन्तरता दिनु पर्नेछ ।

(३) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।

(४) बाख्राको वृहत्तर पकेट विकास कार्यक्रममा आवद्ध प्रत्येक कृषकले कार्यक्रमको अन्त्य सम्ममा कम्तिमा दश वटा प्रजनन योग्य बाख्रा पालेको हुनु पर्नेछ ।

(५) बाख्राको खोर हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(६) घाँस खेतिमा आधारित बाख्रापालनको लागि मौसम र आवश्यकता अनुसार हिउँदे, वर्षे, वहुवर्षे घाँस तथा डालेघाँस खेति र साईलेज प्रविधि अवलम्वन गर्नु पर्नेछ ।

(७) कार्यक्रम संचालन पश्चात एक वृहत्तर पकेट क्षेत्रवाट वार्षिक कम्तिमा पाँच शय वटा बाख्राहरु सँगठित वजारमा बेचबिखन हुनु पर्नेछ ।

(८) बाख्राको बृहत्तर पकेट विकास कार्यक्रममा कम्तिमा पचास जना बाख्रापालक कृषकहरु आवद्ध हुनु पर्नेछ ।

(९) पकेट क्षेत्रका माउ बाख्रा र बोकामा हुनु पर्ने गुणहरु *अनुसूची– ४* बमोजिम हुनेछ ।

(१०) कार्यक्रममा आवद्ध कृषकले बाख्राको अनिवार्य विमा गर्नु पर्नेछ ।

(११) साझेदाले चौमासिक अवधिमा *अनुसूची– ५* बमोजिमको विवरण सम्वन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

१२. <u>कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व:</u> (१) कार्यक्रम कार्यान्वयनका सिलसिलामा पकेट क्षेत्र छनौट, अनुमोदन, समूह गठन, अभिमूखिकरण, कार्ययोजना तयारीमा सहजिकरण, कार्य योजना अनुमोदन र स्विकृति, सम्झौता र भुक्तानि सम्वन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र उच्च गुणस्तर कायम राखि सम्पन्न गर्ने दायित्व सम्वन्धित साझेदारको हुनेछ ।



प्रमुख सचिव

(३) साझेदारले कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्वन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रवाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(४) अनुदानग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्वन्धित कार्यालयमा उपलव्ध गराउनु पर्नेछ।

१३. भुक्तानी प्रकृयाः (१) सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोक्नेछ। अर्थातः सम्वन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको पचहत्तर प्रतिशत बराबर मानी बाँकी पच्चिस प्रतिशत रकम सम्वन्धित साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

(२) साझेदारले व्यहोर्ने घटिमा पच्चिस प्रतिशत साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुने छैन ।

(३) सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमको भुक्तानी बढिमा दुई किस्तामा साझेदारको संयुक्त बैङ्क खातामा हुनेछ ।

(४) सम्बन्धित कार्यालयले सम्झौता रकमको बढिमा पचास प्रतिशत बराबर प्रथम किस्ता वापत पेश्की निकासा दिन सक्नेछ । दोश्रो किस्ता निकासाका लागि प्रथम किस्तावाट सम्पादित कार्यहरुको नियमानुसारको विल/विजक, प्राविधिक प्रतिवेदन र सम्वन्धित कार्यालय वा स्थानिय तह पशु सेवा शाखाको स्थलगत निरीक्षण प्रतिवेदन र सिफारिस सहित सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) साझेदारले कार्यक्रम सम्पन्न भए पश्चात सम्वन्धित सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका समयमा कार्य सम्पन्न प्रतिवेदन सहित सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(६) समूहमा आवद्ध कृषकहरुले पालेका पशु तथा पशुजन्य उत्पादन विवरण, प्रगति प्रतिवेदन र अन्य अभिलेखिकरण गर्ने कार्यका लागि कार्य समितिका अध्यक्ष वा सचिव वा अध्यक्षले तोकेको कुनै सदस्यवाट गराउने प्रयोजनका लागि अनुदान रकमवाट बढिमा मासिक चार हजार रुपैयाँ पारिश्रमिक भुक्तानी गर्न सकिनेछ ।

(७) साझेदारको कोषको लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(८) साझेदारले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र कोषको विवरण र अन्य कागजातहरु फरफारकका लागि सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४. अनुगमन र मूल्याङ्कनः (१) आवश्यकता अनुसार सम्वन्धित सरोकावालाहरुवाट र भुक्तानी प्रयोजनको लागि सम्वन्धित विज्ञ र प्राविधिक टोलीहरुवाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन गरे/नगरेको सम्बन्धमा सम्वन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

सचिव



प्रमुख सचिव

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु सम्वन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

(५) सम्वन्धित कार्यालयले समय समयमा *अनुसूची–६* बमोजिम अनुगमन कार्यका लागि प्राविधिक परिचालन गर्नेछ ।

## परिच्छेद ३

## विविध

१५. कार्वाही: यो कार्यविधि बमोजिम अनुदानको दुरुपयोग भएको पाइएमा प्रचलित कानून वमोजिम कार्वाही गरी असुल उपर गरिनेछ ।

१६. आर्थिक प्रशासन सेवा: कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद कार्यविधि, २०६४ तथा प्रादेशिक र संघिय सरकारका प्रचलित कानून वमोजिम हुनेछ ।

१७. प्रचलित कानून लागु हुने: कार्यक्रम कार्यान्वियनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै वमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

१८. बाधा अड्काउ फुकाउने: यो कार्यविधि वमोजिम कार्य सम्पादन गर्न कुनै वाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

१९. खारेजी एवं संशोधन: प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संशोधन गर्न सक्नेछ ।

प्रमुख सचिव

अनुसूची– १

## कार्यक्रममा आवद्ध कृषकको विवरण

कार्यक्रमको नामः

साझेदारको नामः ठेगानाः

कार्यसमितिका पदाधिकारीहरुः

| क.स. | नाम | ठेगाना | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | | | अध्यक्ष | |
| २ | | | कोषाध्यक्ष | |
| ३ | | | सचिव | |

कार्यक्रममा आवद्ध कृपकहरुको विवरण

समूहको नामः

ठेगानाः

| सि.नं. | कृषकको नाम | ठेगाना | उमेर (वर्ष) | परिवार संख्या | विद्यमान बाखाको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बोका | माउ | पठेड्ग्रा/ पठेड्ग्री | पाठा/ पाठी | जम्मा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

अनूसुची– २

<u>बार्षिक कार्ययोजना फारम</u>

कार्यक्रमको नाम:

साझेदारको नाम: ठेगाना:

आ.ब.

| सि. नं. | क्रियाकलाप | इकाइ | बार्षिक लक्ष | बार्षिक बजेट रु. | प्रथम चौमासिक बजेट रु. | द्वितिय चौमासिक बजेट रु. | तृतिय चौमासिक बजेट रु. | संचालन हुने महिना | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

तयार गर्ने: पेश गर्ने: स्वीकृत गर्ने:

सचिव

प्रदेश नं.-१ अनुसूची-३

<u>बाखाको बृहत्तर पकेट विकास कार्यक्रम सञ्चालनका लागि सम्झौता पत्र</u>

प्रदेश सरकार, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ......... को आ.व............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **बाखाको बृहत्तर पकेट विकास कार्यक्रम** सञ्चालन गर्नका लागि मिति ............ को पशु विकास कार्यदलको बैठकको निर्णयबाट अनुमोदित कार्यक्रम संचालन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ......... *(यस पछि प्रथम पक्ष भनिने)* र श्री ............*(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गर्न मन्जुर भै यो द्विपक्षीय सम्झौता गरिदियौं/लियौं । इति सम्वत ......... साल ........महिना ....... गते .......रोज शुभम् ।

<u>तपसिल</u>

(१) बाख्को बृहत्तर पकेट विकास कार्यक्रम .......जिल्ला ...... नगर/गाउँपालिका .......... वडामा मिति ............ सम्ममा सम्पन्न गरिनेछ ।

(२) दोश्रो पक्षले पेश गरेको स्वीकृत वार्षिक कार्ययोजना मुताविक निम्न कृयाकलापहरु सञ्चालनका लागि प्रथम पक्षले रु ....... (अक्षरुपी .....) अनुदान उपलब्ध गराउनेछ ।

| क.स. | कृयाकलाप विवरण | अनुमानित लागत रु. |
|---|---|---|
| | | |
| | | |
| जम्मा | | |

(३) प्रथम पक्षले प्रदान गर्ने अनुदान रकमबाट ३(तिन) प्रतिशत कन्टिजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरी बाँकी रकम दोश्रो पक्षको बैङ्क खातामा दुई किस्तामा भुक्तानी दिइनेछ ।

(४) दोश्रो पक्षले आफ्नो पकेट क्षेत्रका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेट तर्जुमा गरी सम्बन्धित कार्यालयमा स्वीकृतिको लागि पेश गर्नेछ ।

(५) कार्यक्रम कार्यान्वयनका लगि आवश्यक निर्माण सम्वन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी र सञ्चालनको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(६) प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यक्रमको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

(७) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रोप क्षको हुनेछ ।

(८) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखि होर्डीङ्ग वोर्ड सवैले देख्ने गरी राख्नु पर्नेछ ।

(९) दोश्रो पक्षले व्यवसाय विस्तार तथा सुदृढिकरणका लागि ऋणको आवश्यकता महसुस गरेमा प्रथम पक्षले वित्तिय संस्था सँगको समन्वयमा सहजिकरण गर्नेछ ।

(१०) दोश्रो पक्षले स्वीकृत कार्ययोजना वमोजिमका कृयाकलापहरुको चौमासिक प्रगति विवरण प्रथम पक्षलाई अनिवार्य उपलब्ध गराउनेछ ।

(११) दोश्रो पक्षले स्थापित कोषको नियमानुसारको लेखा परीक्षण गराउने पर्नेछ ।

(१२) दोश्रो पक्षले सम्पुर्ण कार्यहरु उच्च गुणस्तर राखि सम्पन्न गर्ने तथा तथ्याङ्क र अभिलेखहरु अद्यावधिक गरि राख्नेछ ।

(१३) संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नभएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन प्रथम पक्ष बाध्य हुनेछैन ।

(१४) कार्यक्रमको अवधि समाप्त भए पश्चात पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनेछ ।

(१५) कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

(१६) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस कार्यविधि, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

(१७) दोश्रो पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए वरावरको रकम सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

(१८) आवश्यकता अनुसार सान्दर्भिक बुँदाहरु थपघट गर्न सकिनेछ ।

प्रथम पक्ष
कार्यालय प्रमुखको
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छापः

दोस्रो पक्ष
साझेदार अध्यक्षको
नामः
ठेगानाः
दस्तखतः
मितिः
छापः

अनुसूची-४

## बृहत्तर पकेट क्षेत्रको बाखाको मापदण्ड

१. प्रजननयोग्य माउ बाखामा हुनुपर्ने गुणहरुः

(१) दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने ।

(२) माऊ बाखाको माऊ (Dam) र बाऊ(Sire) बीच नाता नभएको हुनपर्ने ।

(३) पहिलो पटक व्याउने उमेर बढीमा सत्र महिना हुनुपर्ने ।

(४) दुई वर्षमा तिन पटक व्याउने विशेषता भएको हुनुपर्ने ।

(५) छनौट गरि बथानमा राखिने बाखाको जात अनुसारको जातिय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(६) राम्रो दूध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा, मिलेको शारिरीक वनावट तथा कल्चौडो र थुन मिलेको हुनुपर्ने ।

(७) शारिरीक वनावटमा कुनै खोट नभएको, प्रजनन् तथा अन्य रोग नभएको हुनुपर्ने ।

(८) छनौट गर्ने बाखाले स्थानिय हावापानी सहन सक्ने र स्थानिय रुपमा उपलब्ध घाँसपात उपयोग गर्ने खालको हुनु पर्दछ ।

२. प्रजनन् बोकामा हुनुपर्ने गुणहरुः

(१) दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने ।

(२) बोकाको माऊ (Dam) र बाऊ (Sire) बीच नाता नभएको हुनुपर्ने ।

(३) प्रजननको लागि छनौट गरिने बोका राम्रो दूध दिने माउबाट जन्मेको हुनुपर्ने ।

(४) आफ्नो दौतरीहरुको भन्दा बढी शारिरीक वृद्धि दर भएको हुनुपर्ने ।

(५) छनौट गरि बथानमा राखिने बोकाको जात अनुसारको जातीय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(६) दुवै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकार प्रकारको हुनुपर्ने ।

(७) फुर्तिलो, दानापानी रुचाएर खाने, छाला र रौं सफा तथा चम्किलो एवं उमेर अनुसार शारिरिक वृद्धि भएको हुनुपर्ने ।

(८) चौडा छाती, सिधा तथा वलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको हुनुपर्ने ।

(९) प्रजनन सम्वन्धि रोग तथा अन्य रोगहरुबाट मुक्त हुनुपर्ने ।

सचिव

अनुसूची–५

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १
विराटनगर

# प्रगति विवरण फारम

कार्यक्रमको नामः

साझेदारको नामः

ठेगानाः

प्रगति विवरणको अवधिः मिति ............ देखि ............... सम्म

| सि. नं. | सम्पन्न क्रियाकलाप | इकाइ | परिमाण | बार्षिक लक्ष | हाल सम्मको प्रगति | कुन ठाउँमा के गरियो भन्ने विवरण उल्लेख गर्ने | लाभान्वित कृषक परिवार संख्या | हाल सम्मको खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्नेः

पेश गर्नेः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

## कार्यक्रम अनुगमन फारम

(१) कार्यक्रमको नाम:

(२) साझेदारको नाम:

(३) ठेगाना:

(४) कार्यक्रम सुरु भएको बर्ष:

(५) कोष स्थापना भएको मिति:

(६) कोषको आर्थिक विवरण:

(क) सम्बन्धित कार्यालयबाट प्राप्त रकम रु.

(ख) समूहको बचत रु.

(ग) अन्य संस्थावाट प्राप्त रकम रु.

(घ) सेवा शुल्क वा अन्य आयबाट प्राप्त रकम रु.

(ङ) बैंकमा जम्मा गरेको कोषको रकमबाट आर्जित ब्याज रु.

(च) हाल सम्मको खर्च रु.

(छ) कोपको कूल मौज्दात रु.

(७) कोषबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्मा कृपक संख्या:

(८) कोषमा हालसम्म सहयोग गर्ने अन्य संस्थाको नाम र ठेगाना:

(९) स्थान अनुसार गोठ/खोरको वनावट वैज्ञानिक भए/नभएको विवेचना:

(१०) समुहमा भएको पशु तथा पशुजन्य उत्पादन र बेचबिखनको विवरण

| क्र.स. | विवरण | इकाई | उत्पादन परिमाण | बेचबिखन परिमाण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(११) घास विकास र चरन खर्क सुधारको अवस्था:

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

(१२) समूहमा रहेका पशुको अवस्थाः

(१३) समूहमा तथ्याङ्क र रेकर्डहरु अध्यावधिकको अवस्थाः

(१४) समूहको कृयाशिलता र लक्षित कार्यक्रम सम्पादन हुने अवस्थाः

(१५) समूहले गरेका उल्लेखनिय कार्यः

(१६) समूहले भोगेका समस्याः

(१७) समस्या समाधानको पहलः

(१८) अनुगमन टोलिले दिएका सूझावहरुः

अनुगमनकर्ताको नामः
पदः
हस्ताक्षरः
मितिः

साझेदार पदाधिकारीको नामः
पदः
हस्ताक्षरः
मितिः
छापः